# कालिञ्चोक गाउँपालिका

सुनखानी, दोलखा

वागमती प्रदेश, नेपाल।

## कालिञ्चोक गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०८२

**प्रस्तावनाः**

कालिञ्चोक गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नका निमित्त स्थानीय कर, दस्तुर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम कालिञ्चोक गाउँपालिकाको गाउँ सभाले यो ऐन पारित गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम **"कालिञ्चोक गाउँपालिकाको आर्थिक ऐन, २०८२"** रहेको छ।

(२) यो ऐन २०८२ साल श्रावण १ गतेदेखि कालिञ्चोक गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

**२. सम्पति करः**

कालिञ्चोक गाउँपालिका क्षेत्रभित्र अनसूची १ बमोजिम सम्पति (घर र घरजग्गा) कर लगाइने र असुल उपर गरिने छ।

**३. भूमिकर (मालपोत)**

गाउँपालिका क्षेत्रभित्र अनसूची २ बमोजिम भूमिकर (मालपोत) लगाइने र असुल उपर गरिने छ।

**४. घर जग्गा बहाल करः**

यस गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिइएकोमा अनुसूची ३ बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल उपर गरिने छ।

**५. व्यवसाय करः**

गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची ४ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिने छ।

**६. बहाल विटौरी शुल्कः**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत अनुसूची ५ मा उल्लेख भए अनुसार बहाल विटौरी शुल्क लगाइने र असुल उपर गरिने छ।

**७. पार्किङ शुल्कः**

गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलव्ध गराएमा अनुसूची ६ बमोजिम पर्किङ शुल्क लगाइने र असुल उपर गरिने छ।

**८. जडीबुटी, कवाडी, जीवजन्तु र कृषि उत्पादन करः**

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, वनकस (खर), कवाडी माल, प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सिंङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको

वस्तु र कृषि उत्पादनको व्यवसायिक उपयोग गरे वापत अनुसूची ७ बमोजिम जडीबुटी, कवाडी, जीवजन्तु र कृषि उत्पादन कर लगाइने र असुल उपर गरिने छ।

**९. सेवा शुल्क, दस्तुरः**

गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको सेवा उपयोग गरे वापत सम्बन्धित सेवाग्राहीलाई  अनुसूची ८ मा उल्लेख भए अनुसार शुल्क र दस्तुर लगाइने र असुल उपर गरिने छ।

**१०. विज्ञापन करः**

गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची ९ बमोजिमको विज्ञापन कर लगाइने र असुल उपर गरिने छ।

**११. मनोरञ्जन करः**

प्रदेश कानूनमा व्यवस्था भए बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिने छ।

**१२. पर्यटन शुल्कः**

गाउँपालिका क्षेत्रभित्र रहेका उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्तिक सम्पदा, संग्राहलय जस्ता सम्पदा उपयोगको प्रवेश शुल्क अनुसूची १० मा उल्लेख भए अनुसार पर्यटन शुल्क लगाइने र असुल उपर गरिने छ।

**१३. ढुङ्गा, गिटी, स्लेट, वालुवा, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख र दहत्तर र बहत्तरमा प्राकृतिक स्रोत करः**

प्रदेश कानूनमा व्यवस्था भए कमोजिम ढुङ्गा, गिटी, स्लेट, वालुवा, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख, दहत्तर र बहत्तरमा प्राकृतिक स्रोत कर असुल उपर गरिने छ।

**१४. घर जग्गा रजिष्ट्रेशन शुल्कः**

गाउँपालिकाले प्रदेश कानूनमा व्यवस्था भए बमोजिम घर जग्गा रजिष्ट्रेशन शुल्क लगाउने र असुल उपर गरिनेछ।

**१५. सामुदायिक वनबाट आयः**

गाउँपालिकाबाट स्वीकृत सामुदायिक वनको वन पैदवार बिक्री तथा उपयोग सम्बन्धी कार्ययोजना बमोजिम वन पैदावरको बिक्री वापत सामुदायिक वनले प्राप्त गर्ने रकमको १० प्रतिशत रकम सम्बन्धित सामुदायिक वनबाट असुल उपर गरिनेछ।

**१६.यसै ऐन बमोजिम भएको मानिनेः**

यो ऐन जारी हुनु अघि भए/गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिने छ।

**१७.नियम वा कार्यविधि बनाउन सक्नेः**

यस ऐनमा भएका व्यवस्थाहरुलाई कार्यान्वियन गर्नको लागि गाउँपालिकाले आवश्यक नियम वा कार्यविधि बनाउन सक्नेछ।

**१८. बाधा अड्काउ फुकाउः**

यस ऐनको कार्यान्वयनको क्रममा कुनै बाधा आइपरेमा कालिञ्चोक गाउँपालिका गाउँकार्यपालिकालाई बाधा अड्काउ फुकाउने अधिकार रहने छ।

**१९. कर, शुल्क र दस्तुर  छुटः**

यस ऐनमा उल्लेख भए बमोजिम बाहेक कर, शुल्क र दस्तुर तिर्ने दायित्व भएका व्यक्ति वा निकायहरुलाई कुनै पनि किसिमको कर, शुल्क र दस्तुर  छुट दिइने छैन।

# अनुसूची-१
## सम्पत्ति (घर र घरजग्गा) कर

| क्र.सं. | घरको किसिम | आ.व.२०८२/८३ को करको दर (वार्षिक) | कैफियत |
|---|---|---|---|
| १ | ढुङ्गा माटो वा सिमेन्टको गारोमा जस्ताको छानो भएको घर | रू. २००/- प्रति घर | |
| २ | एक तले आर सि सि घर | रू. ६००/-प्रति घर | |
| ३ | एक तला भन्दा बढीको आर सि सि घर | रु. १०० प्रति तला थप | |

# अनुसूची-२
## भूमिकर/मालपोत

| क्र.सं. | जग्गाको किसिम | आ. व. २०८२/८३ को करको दर (वार्षिक) | कैफियत |
|---|---|---|---|
| १ | दोलखा सिंगटी सडकले छोएको | रू. २०/- प्रति रोपनी | |
| २ | सुनखानी साङ्वा सडकले छोएको | रू. १५/- प्रति रोपनी | |
| ३ | अन्य ग्रामीण सडकले छोएको | रू. १०/- प्रति रोपनी | |
| ४ | कुनै पनि सडकले नछोएको | रू. ५/- प्रति रोपनी | |
| ५ | गत विगतको मालपोत तिर्न बाँकी भएमा पनि माथि उल्लेखित दरमा नै असुल गरिने छ। | | |

# अनुसूची-३
## घर जग्गा बहाल कर

| क्र.सं. | विवरण | २०८२/८३ को करको दर | कैफियत |
|---|---|---|---|
| १ | घर बहाल कर | बहाल रकमको १०/- प्रतिशत | |
| २ | जग्गा बहाल कर | बहाल रकमको २/- प्रतिशत | |

# अनुसूची-४
## व्यवसाय कर

| क्र.सं | विवरण | २०८२/८३ को करको दर (वार्षिक) | कैफियत |
|---|---|---|---|
| १ | ज्वेलरी (सुन, चाँदी पसल) | १२००/- | |
| २ | मदिराजन्य पसल | १८००/- | |
| ३ | स्टुडियो | १०००/- | |
| ४ | इलेक्ट्रोनिक्स सामानको पसल (घडी, रेडियो, टि.भी., मोवाइल आदि) | १०००/- | |
| ५ | भाँडा पसल | १०००/- | |

| | | | |
|---|---|---|---|
| ६ | हार्डवयर पसल | ३०००/- | |
| ७ | ग्याँस सिलिण्डर बिक्री पसल | १०००/- | |
| ८ | फर्निचर पसल | १५००/- | |
| ९ | खाद्यान्न/किनारा पसल (थोक बिक्रेता) | १५००/- | |
| १० | खाद्यान्न/किनारा पसल (खुद्रा बिक्रेता) | ५००/- | |
| ११ | फलफूल/तरकारी पसल | ५००/- | |
| १२ | गेष्ट हाउस | २०००/- | |
| १३ | होम स्टे | ५००/- | |
| १४ | स्टेशनरी पसल | १०००/- | |
| १५ | औषधी पसल | २०००/- | |
| १६ | दाँत बनाउने क्लिनिक | १०००/- | |
| १७ | निजी क्षेत्रका विद्यालय<br>क) मा. वि. तह<br>ख) आधारभूत तह | २०००/-<br>१०००/- | |
| १८ | कम्प्यूटर प्रशिक्षण केन्द्र | १०००/- | |
| १९ | व्यूटिपार्लर | १०००/- | |
| २० | सवारी साधन मर्मत पसल | २०००/- | |
| २१ | गै.स.स.को कार्यक्रम बजेटको | १ प्रतिशत | |
| २२ | अन्तर्राष्टिय गै.स.स. को कार्यक्रम बजेटको | २ प्रतिशत | |
| २३ | मासु पसल | १०००/- | |
| २४ | पिकनिक पार्क (प्रति पिकनिक) | ५००/- | |
| २५ | घुम्ती पसल | ५००/- | |
| २६ | कपडा पसल | १०००/- | |
| २७ | सूचिकार/टेलर्स | १०००/- | |
| २८ | जुत्ता सिउने पसल | २००/- | |
| २९ | राइस मिल (कुटानी/पिसानी) | १०००/- | |
| ३० | ज्योतिष पसल | ५००/- | |
| ३१ | मोटर साइकल, स्कुटर आदिको पसल/सोरुम | २०००/- | |
| ३२ | निजी कार, जिप आदिको पसल/सोरुम | ५०००/- | |
| ३३ | कृषि औजार/ट्र्याक्टर पसल/सोरुम/ग्यारेज | १०००/- | |
| ३४ | निजी मिनी बस आदिको पसल/सोरुम | ५०००/- | |
| ३५ | पेट्रोल पम | २५००/- | |
| ३६ | सः मिल | २५००/- | |
| ३७ | ग्रिल उद्योग | २०००/- | |
| ३८ | क्रसर उद्योग | ५००००/- | |
| ३९ | होटल | १०००/- | |
| ४० | होटल तथा लज | २०००/- | |

| | | | |
|---|---|---|---|
| ४१ | शैलुन | २०००/- | |
| ४२ | फेन्सी/कस्मेटिक पसल | १०००/- | |
| ४३ | १५ शैयासम्को अस्पताल | २०००/- | |
| ४४ | स्वास्थ्य क्लिनिक, आयुर्वेद क्लिनिक, होमीयोप्याथी क्लिनिक र यस्तै प्रकारका अन्य क्लिनिकहरु | १०००/- | |
| ४५ | फिजीयोथेरापी केन्द्र, प्राकृतिक उपचार केन्द्र, अकुपन्चर केन्द्र, अकुप्रेशर केन्द्र र यस्तै प्रकारका अन्य केन्द्रहरु | १०००/- | |
| ४६ | जेरियाट्रिक परामर्श केन्द्र | १०००/- | |
| ४७ | डि र ई वर्गको प्रयोगशाला | १०००/- | |

## अनुसूची-५

## बहाल बिटौरी शुल्क

| क्र.सं. | विवरण | आ. व.२०८२/८३ को करको दर | कैफियत |
|---|---|---|---|
| १ | वासस्थानको लागि ८०० वर्ग फिटसम्म प्रति वर्ग फिट | रू. २/- (मासिक | |
| २ | वासस्थानको लागि ८०० वर्ग फिटभन्दा बढी प्रति वर्ग फिट थप | रू. १/- (मासिक | |
| ३ | उद्योग, कलकारखाना, व्यापार, व्यवसाय भए ८०० वर्ग फिटसम्म प्रति वर्ग फिट | रू. ४/- (मासिक | |
| ४ | उद्योग, कलकारखाना, व्यापार, व्यवसाय भए ८०० वर्ग फिटभन्दा बढी प्रति वर्ग फिट थप | रू. १/- (मासिक | |
| ५ | सुकुम्वासी तथा विपदबाट विस्थापितहरुलाई | निःशुल्क | |

## अनुसूची-६

## पार्किङ शुल्क

| क्र.सं. | विवरण | आ. व.२०८२/८३ को लागि करको दर | कैफियत |
|---|---|---|---|
| १ | पार्किङ शुल्क | कार्यपालिका बैठकले निर्धारण गरे बमोजिम हुने | |

# अनुसूची-७
# जडीबुटी, कवाडी र जीवजन्तु कर

क. जडिबुटी लगायत अन्य वन पैदावरको व्यवसायिक उपयोग करः

| क्र.सं. | विवरण | इकाई | आ. व. २०८२/८३ को करको दर (रू) | कैफियत |
|---|---|---|---|---|
| १ | सुनपाती | के. जी. | १/२५ | |
| २ | विष | के. जी. | ४/- | |
| ३ | मजिठो | के. जी. | २/- | |
| ४ | विषफेज | के. जी. | ३/- | |
| ५ | ओखरफलको बोक्रा | के. जी. | १/- | |
| ६ | ओखर काण्ड बोक्रा | के. जी. | १०/- | |
| ७ | सुगन्ध कोकिला फल | के. जी. | ३/७५ | |
| ८ | चिराइतो | के. जी. | २/- | |
| ९ | चुत्रोको बोक्रा | के. जी. | ०/२५ | |
| १० | कुरिलोको जरा | के. जी. | १/२५ | |
| ११ | सुगन्धवाल | के. जी. | ४/- | |
| १२ | अल्लो | के. जी. | १/- | |
| १३ | झ्याउ | के. जी. | ५/- | |
| १४ | अर्गेली | के. जी. | २/२५ | |
| १५ | पाखनवेद | के. जी. | २/- | |
| १६ | भूतकेश | के. जी. | १/२५ | |
| १७ | लोक्ता | के. जी. | ५/- | |
| १८ | ठिङ्ग्रे सल्लाको सिम्टा | के. जी. | २०/- | |
| १९ | पदमचाल | के. जी. | २/५० | |
| २० | कुट्की | के. जी. | ३/७५ | |

| | | | | |
|---|---|---|---|---|
| २१ | धुपीतेल | के. जी. | ३०/- | |
| २२ | धसिंगरे तेल | के. जी. | १५/- | |
| २३ | अम्रिसो | के. जी. | १/- | |
| २४ | सोमलता | के. जी. | २/- | |
| २५ | जटामसी | के. जी. | ३/- | |
| २६ | तेजपात | के. जी. | ०/१० | |
| २७ | गोब्रे सल्लाको सिम्टा | के. जी. | ०/१० | |
| २८ | खोल्मे | के. जी. | ०/२५ | |
| २९ | नागवेली पाउडर | के. जी. | १२/५० | |
| ३० | खोटो | के. जी. | १/- | |
| ३१ | गोब्रे सल्लाको पातको तेल | के. जी. | ३०/- | |
| ३२ | भिरमह | के. जी. | ५/- | |
| ३३ | सतुवा | के. जी. | १०/- | |
| ३४ | धुपीपात | के. जी. | १/- | |
| ३५ | नागवेली | के. जी. | ०/२५ | |
| ३६ | काउलोको बोक्रा | के. जी. | ३/- | |
| ३७ | सुगन्धीत तेल | के. जी. | ५०/- | |
| ३८ | कालोमुसुली | के. जी. | १०/- | |
| ३९ | सेतोमुसुली | के. जी. | ५/- | |
| ४० | सुनपाती तेल | के. जी. | ५०/- | |
| ४१ | साधारण च्याउ | के. जी. | २/- | |
| ४२ | इन्द्रेयणी | के. जी. | २/- | |
| ४३ | नेपाली कागज | कोरी | ५/- | |
| ४४ | सल्लो/उत्तिस र अन्य वरामदी काठ (गोलिया) | क्यू. फि. | २/- | |
| ४५ | सल्लो/उत्तिस र अन्य वरामदी काठ (चिरान) | क्यू. फि. | ३/- | |

| | | | | |
|---|---|---|---|---|
| ४६ | भेनियर पत्ता (ट्र्याक्टर) | ट्रिप | ५००/- | |
| ४७ | भेनियर पत्ता (मिनी ट्रक) | ट्रिप | ८००/- | |
| ४८ | भेनियर पत्ता (ट्रक) | ट्रिप | १२००/- | |
| ४९ | भेनियर पत्ता (भ्यान) | ट्रिप | १५००/- | |
| ५० | तयारी प्लाइउड (ट्र्याक्टर) | ट्रिप | १०००/- | |
| ५१ | तयारी प्लाइउड (मिनी ट्रक) | ट्रिप | १५००/- | |
| ५२ | तयारी प्लाइउड (ट्रक) | ट्रिप | २०००/- | |
| ५३ | तयारी प्लाइउड (भ्यान) | ट्रिप | ३०००/- | |
| ५४ | दाउरा (ट्र्याक्टर) | ट्रिप | १५०/- | |
| ५५ | दाउरा (मिनी ट्रक) | ट्रिप | २२५/- | |
| ५६ | दाउरा (ट्रक) | ट्रिप | ३००/- | |
| ५७ | काठको भूस (ट्र्याक्टर) | ट्रिप | २५/- | |
| ५८ | काठको भूस (मिनी ट्रक) | ट्रिप | ५०/- | |
| ५९ | काठको भूस (भ्यान) | ट्रिप | १००/- | |
| ६० | बाँस | गोटा | १/- | |
| ६१ | वन लसुन | के. जी. | ६/- | |
| ६२ | हाडे लसुन | के. जी. | १/- | |
| ६३ | कुरिलो | के. जी. | १/२५ | |
| ६४ | कोइरालो | के. जी. | ०/२५ | |
| ६५ | टुकी फूल | के. जी. | १/- | |
| ६६ | बुकी फूल | के. जी. | ०/२५ | |
| ६७ | बुकी फूलको तेल | के. जी. | ५०/- | |
| ६८ | अबिजालो | के. जी. | ५/- | |
| ६९ | निगालो | गोटा | ०/५ | |
| ७० | यार्सागुम्बा | के. जी. | १५००/- | |
| ७१ | लोठ सल्लाको पात | के. जी. | ५/- | |

| | | | | |
|---|---|---|---|---|
| ७२ | लप्सी | के. जी. | ०/५ | |
| ७३ | म्याग्नेसाइट ढुङ्गा | मे. ट. | ५०/- | |
| ७४ | भूईमा विछयाउने चप्लेटी ढुङ्गा | वर्ग फिट | २/- | |
| ७५ | छाना छाउने स्लेट ढुङ्गा | वर्ग फिट | २/- | |
| ७६ | कटिङ्ग ढुङ्गा | घन फिट | २/- | |
| ७७ | अम्रिसोको डाँठ | के. जी. | १/- | |
| ७८ | माथि उल्लेखित बाहेक अन्य वस्तुहरुको हकमा वन ऐन नियमावलीमा उल्लेखित राजश्व रकमको २५ प्रतिशतले कर लाग्नेछ । | | | |

ख.कवाडी मालसामान व्यवसायिक उपयोग करः

| क्र.सं. | विवरण | इकाई | आ. व. २०८२/८३ को करको दर (रू) | कैफियत |
|---|---|---|---|---|
| १ | कवाडी सामान | के. जी. | ३/- | |

ग. जीवजन्तु कर (प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सिंङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यवसायिक उपयोग कर)

| | | | | |
|---|---|---|---|---|
| १ | प्वाँख | के. जी. | १/५ | |
| २ | हाड | के. जी. | १/५ | |
| ३ | सिंग | के. जी. | १/५ | |
| ४ | खुर | के. जी. | १/५ | |
| ५ | छाला ठूलो | गोटा | ३०/- | |
| ६ | छाला सानो | गोटा | १५/- | |
| ७ | ऊन | के. जी. | ५/- | |

घ. कृषि उत्पादनको व्यवसायिक उपयोग करः

| | | | | |
|---|---|---|---|---|
| १ | भैसी (भैसी राँगा आदि) | गोटा | ५०/- | |
| २ | गाई (गाई, गोरु आदि) | गोटा | ३०/- | |
| ३ | भेडा बाख्रा बंगुर आदि | गोटा | १०/- | |
| ४ | कुखुरा जात | गोटा | १/- | |
| ५ | अण्डा (७ क्रेट बराबर १ वाकस) | वाकस | २/- | |
| ६ | गोलभेडा काउली आलु (ठूलो ट्रक) | ट्रिप | ५००/- | |

| | | | | |
|---|---|---|---|---|
| ७ | गोलभेडा काउली आलु (मिनी ट्रक, ट्रयाक्टर) | ट्रिप | २००/- | |
| ८ | बन्दा, सबै प्रकारका साग (ठूलो ट्रक) | ट्रिप | २००/- | |
| ९ | बन्दा, सबै प्रकारका साग (मिनी ट्रक/ट्रयाक्टर) | ट्रिप | १००/- | |
| १० | लसुन, अदुवा, वेसार, सुठो (ठूलो ट्रक) | ट्रिप | ७००/- | |
| ११ | लसुन, अदुवा, वेसार, सुठो (मिनी ट्रक) | ट्रिप | ३००/- | |
| १२ | अलैची | के. जी. | ५/- | |
| १३ | किवी | के. जी. | १/- | |
| १४ | एबोकाडो | के. जी. | १/- | |

# अनुसूची-८
# सेवा, शुल्क, दस्तुर

| क्र.सं. | विवरण | आ. व.२०८२/८३ को करको दर | कैफियत |
|---|---|---|---|
| १. | नक्सा पास आवेदन पुस्तिका दस्तुर | ५००/- | |
| २. | कच्ची एकतले घर निर्माण स्वीकृती/नक्सा पास | २५०/- | |
| ३. | कच्ची दुईतले घर निर्माण स्वीकृती/नक्सा पास | ५००/- | |
| ४. | पक्की घर निर्माण स्वीकृती/नक्सा पास (व्यवसायिक) | ७/- | प्रति स्क्वायर फिट |
| ५. | पक्की घर निर्माण स्वीकृती/नक्सा पास (आवासायिक) | ५/- | प्रति स्क्वायर फिट |
| ६. | घर अभिलेखिकरण प्रमाण-पत्र(व्यवसायिक) | ७/- | प्रति स्क्वायर फिट |
| ७. | घर अभिलेखिकरण प्रमाण-पत्र(आवासिय) | ५/- | प्रति स्क्वायर फिट |
| ८. | घर निर्माण सम्पन्न प्रमाण –पत्र(व्यवसायिक) | १०.५ | प्रति स्क्वायर फिट |
| ९. | घर निर्माण सम्पन्न प्रमाण-पत्र(आवासिय) | ७.५ | प्रति स्क्वायर फिट |
| १०. | घरजग्गा नामसारी सिफारिस | १००/- | |
| ११. | मोही लगत कट्टा सिफारिस | १००/- | |
| १२. | घर कायम सिफारिस | १००/- | |
| १३. | अस्थायी बसोवास सिफारिस | १००/- | |
| १४. | स्थायी बसोबास सिफारिस | १००/- | |
| १५. | नागरिता लिनका लागि सिफारिस | २००/- | |
| १६. | नागरिकताको प्रतिलिपि लिन सिफारिस | २००/- | |
| १७. | अंगिकृत नागरिता सिफारिस | ५००/- | |
| १८. | आर्थिक सम्पन्ता सिफारिस | ५००/- | |

| | | | |
|---|---|---|---|
| १९. | विद्युत् जडान सिफारिस (घरायसी) | १००/- | |
| २०. | विद्युत जडान सिफारिस (व्यवसायिक) | ५००/- | |
| २१. | धारा जडान सिफारिस | १००/- | |
| २२. | जिवित रहेको सिफारिस | १००/- | |
| २३. | दुवै व्यक्ति एउटै रहेको सिफारिस | १००/- | विद्यार्थीलाई निःशुल्क |
| २४. | फरक फरक जन्म मिति एकै रहेको सिफारिस | १००/- | विद्यार्थीलाई निःशुल्क |
| २५. | व्यवसाय सञ्चालन नभएको सिफारिस | ५००/- | |
| २६. | व्यवसाय बन्द सिफारिस | १००/- | |
| २७. | व्यापार व्यवसाय नभएको सिफारिस | निः शुल्क | |
| २८. | नाबालक परिचय पत्र सिफारिस | निः शुल्क | |
| २९. | चौपाया सम्बन्धी सिफारिस | निः शुल्क | |
| ३०. | घरबाटो भए/नभएको सिफारिस | १००/- | |
| ३१. | उद्योग ठाउँसारी सिफारिस (आन्तरिक) | ३००/- | |
| ३२. | उद्योग ठाउँसारी सिफारिस (वाह्य) | ५००/- | |
| ३३. | विद्यालय ठाउँसारी सिफारिस | २००/- | |
| ३४. | आन्तरिक बसाई सराई सिफारिस | १००/- | |
| ३५. | निजी विद्यालय सञ्चालन स्वीकृती, कक्षा वृद्धि सिफारिस | २००/- | आधारभूत |
| ३६. | निजी विद्यालय सञ्चालन स्वीकृती, कक्षा वृद्धि सिफारिस | ५००/- | माध्यमिक |
| ३७. | व्यक्तिगत विवरण सिफारिस | १००/- | |
| ३८. | जग्गा दर्ता सिफारिस | १००/- | |
| ३९. | संरक्षक सिफारिस | निः शुल्क | |
| ४०. | संरक्षण सिफारिस | निः शुल्क | |
| ४१. | नेपाल सरकारको नाममा बाटो सिफारिस | १००/- | |
| ४२. | स्वास्थ्य उपचार सिफारिस | निः शुल्क | |
| ४३. | घरपाताल सिफारिस | १००/- | |
| ४४. | जग्गा धनीपूर्जा हराएको सिफारिस | १००/- | |
| ४५. | पूर्जामा घर कायम गर्ने सिफारिस | १००/- | |
| ४६. | अंग्रेजी भाषामा सिफारिस | ३००/- | |
| ४७. | गैर सरकारी संस्था दर्ता सिफारिस | १०००/- | |
| ४८. | गैर सरकारी संस्था नविकरण सिफारिस | ५००/- | |
| ४९. | १० मेगावाटसम्मको जलविद्युत आयोजना सर्वेक्षण अनुमति सिफारिस दस्तुर | १००००/- | |
| ५०. | १० मेगावाट भन्दा बढीको जलविद्युत आयोजना सर्वेक्षण अनुमति सिफारिस दस्तुर | २५०००/- | |

| | | | |
|---|---|---|---|
| ५१. | १० मेगावाटसम्मको जलविद्युत आयोजना निर्माण अनुमति सिफारिस दस्तुर | २५०००/- | |
| ५२. | १० मेगावाट भन्दा बढीको जलविद्युत आयोजना निर्माण अनुमति सिफारिस दस्तुर | ५००००/- | |
| ५३. | खानेपानी मुहान दर्ता | ५००/- | |
| ५४. | सिंचाइ मुहान दर्ता | ५००/- | |
| ५५. | खानेपानी र सिंचाइ मुहान नविकरण | २००/- | |
| ५६. | अन्य सिफारिस | १००/- | |
| ५७. | जिवितसँगको नाता प्रमाणित | १००/- | |
| ५८. | मृतकसँग नाता प्रमाणित | १००/- | |
| ५९. | चार किल्ला प्रमाणित | १००/- | |
| ६०. | जन्म मिति प्रमाणित | १००/- | |
| ६१. | विवाह प्रमाणित | १००/- | |
| ६२. | कागज मन्जुरीनामा प्रमाणित | १००/- | |
| ६३. | हकवाला वा हकदार प्रमाणित | १००/- | |
| ६४. | अविवाहित प्रमाणित | १००/- | |
| ६५. | मिलापत्र कागज/उजुरी दर्ता प्रमाणित | १००/- | |
| ६६. | व्यक्तिगत घटना दर्ता शुल्क ३५ दिनभित्र | निः शुल्क | |
| ६७. | व्यक्तिगत घटना दर्ता शुल्क ३५ दिन पछि | नेपाल सरकारको नियमानुसार | |
| ६८. | व्यक्तिगत घटना दर्ता प्रमाण पत्र प्रतिलिपि | नेपाल सरकारको नियमानुसार | |
| ६९. | व्यक्तिगत घटना दर्ता प्रमाण पत्रको प्रमाणिकरण दस्तुर | १०० | |
| ७०. | कोठा खोल्न रोहवर बस्ने शुल्क | १००/- | |
| ७१. | जग्गा रेखाङ्कन रोहवर बस्ने | १००/- | |
| ७२. | कोट फि | निः शुल्क | |
| ७३. | व्यवसाय दर्ता | ५००/- | |
| ७४. | व्यवसाय नविकरण | २००/- | |
| ७५. | उद्योग दर्ता सिफारिस | ५००/- | |
| ७६. | व्यवसाय दर्ता सिफारिस | २००/- | |
| ७७. | अमिन फिल्डमा खटाएको प्रति कित्ता ५ रोपनीसम्म | १०००/- | |
| ७८. | अमिन फिल्डमा खटाएको ५ रोपनी भन्दा बढी वा प्रति कित्ता थप | ५००/- | |
| ७९. | सबै प्रकारका समूह, बाल क्लव, टोल सुधार समिति दर्ता | १००/- | |
| ८०. | सबै प्रकारका समूह, बाल क्लव, टोल सुधार समिति नविकरण | १००/- | |
| ८१. | सबै प्रकारका समूह, बाल क्लव, टोल सुधार समिति नविकरण (म्याद नाघेको १ वर्षभित्र थप) | ५० | |
| ८२. | सबै प्रकारका समूह, बाल क्लव, टोल सुधार समिति नविकरण (म्याद नाघेको १ वर्ष भन्दा बढी थप) | १००/- | |

| | | | |
|---|---|---|---|
| ८३. | सबै प्रकारका समूह, बाल क्लव, टोल सुधार समितिको दर्ता प्रमाण पत्रको प्रतिलिपि | १००/- | |
| ८४ | घ वर्गको निर्माण व्यवसाय इजाजत प्रदान दस्तुर | ५०००/- | |
| ८५ | घ वर्गको निर्माण व्यवसाय इजाजत नविकरण दस्तुर | ३०००/- | |
| ८६ | घ वर्गको निर्माण व्यवसाय इजाजत नामसारी दस्तुर | ४०००/- | |
| ८७. | घ वर्गको निर्माण व्यवसाय कम्पनीमा दर्ता गर्न सिफारिस दस्तुर | १०००/- | |
| ८८. | घ वर्गको निर्माण व्यवसाय इजाजत पत्रको प्रतिलिपि दस्तुर | १०००/ | |
| ८९. | व्यक्तिगत घटना दर्ता प्रमाण पत्रमा त्रुटी सच्याउने/सच्याउन सिफारिस गर्ने | नेपाल सरकारको नियमानुसार | |
| ९०. | कक्षा ८ को प्रमाण पत्र तथा लव्धांक पत्रमा नाम, जन्म मिति आदि संशोधन शुल्क | २००/- | |
| ९१ | बचत तथा ऋण सहकारी दर्ता | १०००/- | |
| ९२. | अन्य सहकारी दर्ता | ५००/- | |
| ९३. | सहकारी एकिकरण | २०००/- | |
| ९४. | सहकारीको विधान संशोधन | १०००/- | |
| ९५. | सहकारी दर्ता प्रमाण पत्रको प्रतिलिपि | ५००/- | |
| ९६. | न्यायिक समितिमा उजुरी दर्ता | १००/- | |
| ९७. | न्यायिक समितिको प्रतिउत्तर दस्तुर | ५०/- | |
| ९८. | प्रतिलिपि उतार दस्तुर | ५/- | प्रति पाना |
| ९९. | होम स्टे दर्ता दस्तुर | ५०००/- | प्रति होम स्टे |
| १००. | होम स्टे नविकरण दस्तुर | २०००/- | प्रति होम स्टे |
| १०१. | १५ शैयासम्को अस्पताल इजाजत | ४०००/- | प्रति शैया |
| १०२. | १५ शैयासम्को अस्पताल नविकरण दस्तुर | १०००/- | प्रति शैया |
| १०३. | स्वास्थ्य क्लिनिकप्रकारका अन्य होमीयोप्याथी क्लिनिक र यस्तै ,आयुर्वेद क्लिनिक , क्लिनिकहरु इजाजत | ५०००/- | |
| १०४. | स्वास्थ्य क्लिनिकहोमीयोप्याथी क्लिनिक र यस्तै प्रकारका अन्य ,आयुर्वेद क्लिनिक , क्लिनिकहरु इजाजत नविकरण दस्तुर | २०००/- | |
| १०५. | फिजीयोथेरापी केन्द्र ,अकुपन्चर केन्द्र ,प्राकृतिक उपचार केन्द्र , अकुप्रेशर केन्द्र यस्तै प्रकारका अन्य केन्द्रहरुको इजाजत | ५०००/- | |
| १०६. | फिजीयोथेरापी केन्द्रअकुप्रेशर केन्द्र यस्तै ,अकुपन्चर केन्द्र ,प्राकृतिक उपचार केन्द्र , प्रकारका अन्य केन्द्रहरुको इजाजत नविकरण दस्तुर | २०००/- | |
| १०७. | जेरियाट्रिक परामर्श केन्द्र इजाजत | ५०००/- | |
| १०८. | जेरियाट्रिक परामर्श केन्द्र इजाजत नविकरण दस्तुर | २०००/- | |
| १०९. | डि र ई वर्गको प्रयोगशाला इजाजत | ५०००/- | |
| ११०. | डि र ई वर्गको प्रयोगशाला इजाजत नविकरण दस्तुर | २०००/- | |
| १११. | कालिञ्चोक गाउँपालिकाको हल शुल्क | १०००/- | प्रति दिन |
| ११२. | सम्पत्ति मूल्यांकन तथा श्रोत प्रमाणित | कूल सम्पत्तिको ०.०५ प्रतिशत | |

| | | | |
|---|---|---|---|
| ११३. | घर जग्गा बैनाको रोहवरमा बसेको (किन्नेले तिर्ने) | एक लाख सम्म रु. ५०० | |
| ११४. | घर जग्गा बैनाको रोहवरमा बसेको (किन्नेले तिर्ने) | एक लाख भन्दा बढी प्रति लाख थप रु. १०० | |
| ११५. | आर्थिक लेनदेनको रोहवरमा बसेको (पाउनेले तिर्ने) | प्रति लाख १०० | |
| ११६. | आर्थिक लेनदेनको रोहवरमा बसेको (पाउनेले तिर्ने) | एक लाख भन्दा बढी प्रति लाख थप रु. १०० | |
| ११७. | चार्जिङ स्टेशन दर्ता शुल्क | २०००/- | |
| ११८. | मालपोत/नगदी रसिदको प्रतिलिपि | ५०/- | |
| ११९. | सर्जमिन मुचुल्का दस्तुर | २०० | प्रति मुचुल्का |
| १२०. | काठ कटान आदेश सिफारिस | १००० | प्रति फाइल |
| १२१. | अन्य संघ/संस्था दर्ता | ५०० | |
| १२२. | अन्य कुनै किसिमका संघ/संस्था नविकरण | ५०० | |
| १२३. | गैर सरकारी संस्था नविकरणको लागि सिफारिस गर्दा गत विगत आर्थिक वर्षको नविकरण भएको रहेनछ भने सो आर्थिक वर्षको समेत सिफारिस दस्तुर लाग्नेछ। | | |
| १२४. | खानेपानी तथा सिंचाइ मुहानको गत विगत आर्थिक वर्षको नविकरण भएको रहेनछ भने सो आर्थिक वर्षको समेत नविकरण दस्तुर लाग्नेछ। | | |
| १२५. | गाउँपालिकाभित्र एक वडा कार्यालयले अर्को वडा कार्यालयलाई र वडा कार्यालयले गउँपालिकाको कार्यालयलाई सिफारिस गर्दा सिफारिस दस्तुर लाग्ने छैन। | | |

# अनुसूची-९
# विज्ञापन कर

| क्र. सं. | विवरण | २०८२/८३ कोलागि करको दर (रू) | कैफियत |
|---|---|---|---|
| १ | जनचेतना मूलक (प्रचार सामग्री, बोर्ड) | १/- | प्रति स्क्वायर फिट |
| २ | व्यवसायिक (प्रचार सामग्री, बोर्ड) | ३/- | प्रति स्क्वायर फिट |
| ३ | गाडीमा सामान राखी विज्ञापन गर्ने प्रति पटक | २००/- | |
| ४ | सटल राखी विज्ञापन गर्ने प्रतिदिन | २००/- | |
| ५ | कनसर्ट प्रति पटक | १५००/- | |
| ६ | तुल व्यानर राखी विज्ञापन प्रतिपटक (होडिङ बोर्ड) | २००/- | |

# अनुसूची-१०

## पर्यटन शुल्क

| क्र.सं. | विवरण | आ. व.२०८२/८३ कोलागि करको दर | कैफियत |
|---|---|---|---|
| १ | पर्यटन शुल्क | कार्यपालिका बैठकले निर्धारण गरे बमोजिम हुने | |